# सकारात्मक विभेदको अवधारणासम्बन्धी कार्यक्रमको
# Positive Discrimination Programme
# प्रगति प्रतिवेदन
# Achievement Report
## 2012-2013



प्रकाशन सहयोग
Umverteilen Stiftung

प्रकाशक
मानवअधिकार मञ्च नेपाल
(HURF Nepal)

## संस्था परिचय

मानव अधिकार मञ्च नेपाल, इलाम समतामुलक समाज निर्माणको मुख्य परिकल्पना राखि स्थापना भएको संस्था हो । मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै दीगो शान्ति र न्यायको लागि क्रियाशील रहनु संस्थाको ध्येय हो । यो संस्था अधिकारको संरक्षण, संवर्द्धन र सशक्तिकरणको क्षेत्रमा क्रियाशील छ । शान्ति र न्यायका लागि मानवअधिकार युक्त समाजको निर्माण, सबैखाले विभेदको अन्त्य गर्दै विपन्न र सिमान्तकृत वर्ग महिला, बालबालिका, दलित, आदिवासी जनजाती, अल्पसंख्यकहरु र विपन्न वर्गहरु संस्थाका लक्षित वर्गहरुको अधिकारको प्रयोगको सुनिश्चितताका लागि स्थानीय निकायहरुमा सबै समुदायको पहुँच अभिवृद्धि गर्ने संस्थाको लक्ष्य रहेको छ ।

मानवअधिकारको संरक्षण र सम्वर्द्धन, सबै प्रकारका विभेदहरुको समुल अन्त्य गर्नेका लागि राज्य र नागरीकहरुलाई सचेतिकरण गर्ने संस्थाको पहिलो उद्देश्य हो । त्यसैगरी स्थानीय जनताका नागरीक, आर्थिक, वातावरणीय र सामाजिक अधिकारवारे जानकारी गराउने, साथै न्यायमा पहुँच अभिवृद्धि गर्ने, अहिंसात्मक पद्धतिमार्फत द्वन्द्वको समाधानमा सहयोग गर्दै स्थानीय तहमा शान्ति प्रकृयामा सहयोग गर्ने दोश्रो उद्देश्य हो ।

महिला अधिकार, घरेलु हिंसा, महिला हिंसा, लैङ्गिक हिंसाका विरुद्धमा क्रियाशील रहँदै, समुदाय तहमा हिंसाको न्यूनीकरणमा सहयोग गर्नका लागि सचेतना, सहयोग, पैरवी र सशक्तिकरण गर्ने संस्थाको तेश्रो उद्देश्य हो लोकतन्त्र, सुशासन, विधिको शासन तथा मानवअधिकारका सिद्धान्तहरुका बारेमा सचेतना, बहस र पैरवी गर्ने र नागरिक अधिकारका लागि सहयोग गर्ने संस्थाको चौथो उद्देश्य रहेको छ ।

संस्थाको कार्यक्षेत्र अन्तर्गत मुख्य गरेर शान्ति र हिंसारहित, द्वन्द्व व्यवस्थापन, सामाजिक समावेशीकरण र लैङ्गिक समता, जातिमा आधारित भेदभाव तथा सबै प्रकारका विभेदहरुको अन्त्य लगायत पर्दछन् । संस्थाको उद्देश्यहरुमा पुग्न संस्थाले मानव अधिकारको अनुगमन र अभिलेखीकरण गर्दै मानव अधिकार, बाल अधिकार, महिला अधिकार, घरेलु हिंसा र असल शासन जस्ता विषयहरुमा सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आएको छ । संस्थाले स्थानीय स्तरमा काम गर्दै आएका मानव अधिकार रक्षकहरुको क्षमता अभिवृद्धि, सामुदायिक मेलमिलापद्वारा शान्ति स्थापना प्रकृयामा सहयोग गर्दै आइरहेको छ । मानव अधिकार मञ्च नेपाल इलाम (हुर्फ) ले मेलमिलाप, कानूनी, मनोसामाजिक मनेविमर्श र समस्या प्रभावित महिला तथा बालबालिकाको लागि आकस्मिक बासस्थान सेवा समेत उपलब्ध गराउँदै आएको छ साथै पछिल्लो समयमा आएर संस्थाले सकारात्मक विभेद सम्वन्धी छुट्टै किसिमको सचेतनामुलक कार्यक्रम समेत सञ्चालन गर्दै आएको छ । संस्था विभिन्न नेटवर्कहरु जस्तै मानव अधिकार एलाइन्स र घरेलु हिंसा विरुद्ध पूर्वाञ्चल नेटवर्कको सदस्य संस्थाको रुपमा काम गर्दै आएको छ भने हाल जिल्ला बाल कल्याण समिति तथा स्थानीय शान्ति समिति सदस्यको रुपमा पनि आवद्ध रहेको छ ।

## पृष्ठभूमि:

मानव अधिकारको विश्वव्यापी घोषणापत्र अनुसार सबै मानिस समान हुन्। यति हुँदाहुँदै नेपाली समाजमा विभेद र असमानताहरु कायमै रहेको अवस्था छ। महिला, आदिवासी/जनजाती, दलित, बालबालिका, अपाङ्गता, अल्पसंख्यक लगाायतहरुलाई लक्षित वर्गको रुपमा परिभाषित गर्दै उनीहरुलाई विशेष कार्यक्रम तथा अवसरहरुमार्फत मूलप्रवाहमा ल्याउनका लागि राज्य लागिपरेको छ। तर राज्यद्वारा व्यवस्था गरिएका नीतिहरुको प्रभावकारी कार्यान्वयन नहुनाले लक्षित वर्गहरुको मूलप्रवाहीकरण हुन नसक्नु, सञ्चालित क्रियाकलापहरु आफ्नो उद्देश्य पुर्तिमा भन्दा पनि सामाजिक द्वन्द्व निम्त्याउने कारक तत्वको रुपमा विकास हुनु, जसले गर्दा सामाजिक सहिष्णुताको विकास गर्दै सामाजिक एकतालाई मजवुद पार्नुको सट्टा सामाजिक सौहार्दतामा खलल पुगेको अवस्था छ। लक्षित वर्गहरुको मूलप्रवाहीकरण प्रक्रिया अगाडि वढ्न नसकेकोले उनीहरु अझैपनि सामाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक रुपमा अगाडि आउन सकेका छैनन्।

लक्षित वर्गको मूलप्रवाहीकरणलाई सुनिश्चित गर्न, यी नीतिहरुको महत्व, आवश्यकता र प्रभावकारी कार्यन्वयनको जरुरी छ। जसका लागि समुदाय स्तरसम्म सचेतनामार्फत साझा बुझाइको विकास गर्न जरुरी छ।

यहि कुरालाइ मध्यनजर गर्दै मानव अधिकार मञ्च नेपाल, इलामले सन २०१२ को जुलाई देखि २०१३ जुन सम्म Umverteilen Stiftung (उम्भरटेलिन स्टीफटुङ्ग) को सहयोगमा मेची अञ्चलका इलाम र पाँचथर जिल्लाका ६-६ वटा गाविसहरुमा "नेपालको संविधानले व्यवस्था गरेको सकारात्मक विभेदको अवधारणासम्वन्धी सचेतनामुलक अभियान" संचालन गरेको छ। कार्यक्रम पाँचथर जिल्लामा स्थानीय संस्था हकुडेक नेपालको स्थानीय सहकार्यमा संचालन भएको थियो।

यस कार्यक्रमअन्तर्गत एक वर्षको अवधिमा सम्वन्धित सरोकारवालाहरुसँग समन्वय, अन्तरक्रिया, तालिम, गोष्ठी, समीक्षा जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको थियो। कार्यक्रममार्फत सकारात्मक विभेदको आवश्यकता, महत्व लगायतका विषयहरुमा घनिभूत रुपमा छलफल गरिएको थियो। कार्यक्रमको सन्दर्भमा भए गरेका क्रियाकलापहरु र उक्त क्रियाकलापहरुवाट प्राप्त उपलब्धिहरुलाई समेटेर यो "प्रगति प्रतिवेदन" तयार पारिएको छ।

## सकारात्मक विभेदको परिचय:

विभेद भन्नाले सामान्य अर्थमा भेदभाव वा फरक व्यावहारलाई बुझिन्छ। मुख्यत राजनीतिक, आर्थिक, सामजिक-साँस्कृतिक वा सार्वजनिक जीवनका अन्य कुनैपनि क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरुको मान्यता, उपयोग वा व्यावहारलाई निषेध गर्ने वा कमजोर पार्ने उद्देश्य वा प्रभाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय तथा जातीय उत्पति लैङ्गिक तथा कुनै पनि कुरामा आधारित भएर गरिने जुनसुकै प्रकारका भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई विभेद वा भेदभाव भन्ने गरिन्छ।

सकारात्मक विभेद भनेको राजनीतिक, आर्थिक, सामाजिक-साँस्कृतिक तथा सार्वजनिक जीवनका अन्य कुनै क्षेत्रमा विगतमा राज्यद्वारा अवलम्बन गरिएका विभेदकारी नीति तथा व्यवहारहरुको परिणामले वा राज्यको संरचनागत ढाँचाले वा कतिपय प्रथागत तथा जातिगत व्यवहार र ढाँचाले पछाडि पारिएको वर्ग, क्षेत्र, लिङ्ग, धर्म, जात-जाति, समुदाय, भाषा/भाषीहरुको मुलप्रवाहीकरण गरी उनीहरुको नैसर्गिक तथा जन्मसिद्ध अधिकारहरुको अर्थपूर्ण संरक्षणका लागि राज्यद्वारा औपचारिक रुपमा अनुशरण गरेको नीति हो।

त्यसैले सकारात्मक विभेदको उद्देश्य भनेको पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग, जात-जाती, समुदाय, भाषा-भाषीहरुको मूलप्रवाहीकरण गरी उनीहरुको नैसर्गिक तथा जन्मसिद्ध अधिकारहरुको प्रभावकारी रुपमा संरक्षण गर्नु नै हो। यस अवधारणाको उद्देश्य अन्य कुनै वर्ग, क्षेत्र, लिङ्ग, धर्म, जात-जाती, समुदाय, भाषा-भापीहरुको अधिकारहरुको कटौति वा वहिष्कार वा प्रतिबन्ध गर्नु भन्ने चाँही होइन।

# सकारात्मक विभेदको अवधारणा सम्वन्धी कार्यक्रमको अवधारणा

सकारात्मक विभेदको अवधारणा समानता प्राप्तिकै लागि भएको पाइन्छ । समानताको अवधारणाले सम्पूर्ण मानव समुदाय एउटै परिवारका सदस्य हुन् भन्ने मान्यता राख्दछ । यसले सवैको समान आत्मसम्मान तथा मर्यादा हुन्छ भन्ने कुराको आत्मसात गरेको हुन्छ । समानताको अधिकार अन्य सवै किसिमका अधिकारहरुको केन्द्र भागमा रहेको हुन्छ ।

समानताको मुल मर्म भनेको समानहरुलाई समान व्यवहार र असमानहरुलाई असमान व्यवहार गरिनुपर्दछ भन्ने हो । अर्थात समानलाई असमान व्यवहार गरिनुहुँदैन भन्ने कुरालाई जोड दिएको छ । वर्तमान समयमा आएर संसारका प्राय सवै सभ्य मुलुकहरुले नागरिकहरुको समानताको अधिकारलाई मुख्य प्राथमिकताका साथ आफ्नो संविधानमा संरक्षण प्रदान गरेको पाइन्छ । यस्तै गरेर सवै किसिमका अन्तराष्ट्रिय दस्तावेजहरुमा समेत समानताको अधिकारलाई जन्मसिद्ध र अहरणीय अधिकारको रुपमा संरक्षण प्रदान गरेको पाइन्छ ।

मुख्यत समानताको सिद्धान्तलाई शुरुमा औपचारिक समानताको रुपमा मात्र हेरिए तापनि हाल आएर यसलाई न्यायको पर्यायको रुपमा लिइन्छ, भन्नुको तात्पर्य राज्यले आफ्ना देशका नागरिकहरुलाई समान वनाउनका लागि गरिएको व्यवहार न्यायपूर्ण पनि हुनुपर्दछ अथवा परिणाममा समानता हुनुपर्दछ भन्ने हो ।

यसका लागि राज्यले तय गरेको नीति, नियमहरु ऐतिहासिक, सामाजिक-साँस्कृतिक, आर्थिक, भौगोलिक वा अन्य तत्वहरुलाई समेत विचार गरेर निर्माण हुनुपर्दछ । यहि मान्यताका आधारमा धेरै मुलुकहरुले संवैधानिक र कानुनी व्यावस्था समेत गरेका छन् ।

नेपालको सन्दर्भमा पनि २०४७ सालको संविधानको धारा ११ को उपधारा ३ मा सकारात्मक विभेद सम्वधी संवैधानिक व्यवस्था गरिएको पाइन्छ । यस्तै अन्तरिम संविधान २०६३ को धारा १३ मा समानताको हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुने, कसैलाई पनि कानुनको समान संरक्षणवाट



वञ्चित नागरिकले, सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात/जाति, उत्पति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने उल्लेख छ । तर महिला, दलित, आदिवासी/जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक, साँस्कृति दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भनि विशेष कानुन निर्माण गरी उक्त वर्ग, क्षेत्र, लिङ्ग र समुदायको संरक्षण सशक्तिकरण वा विकास गर्नका लागि संविधानले मार्ग प्रशस्त गरेको अवस्था छ ।

**कायक्रमको लक्ष्य**:

सामाजिक न्याय, समानता र समतामूलक समाज निर्माणमा पहुँच अविवृद्धि भई विभेद् रहित समाज निर्माण भएको हुनेछ।



**कार्यक्रमको उद्धेश्य**:

लक्षित समुदायहरुलाई राज्यको नीति तथा विशेष व्यवस्थाको वारेमा जानकारी हासिल गराउने।

स्थानीय सरोकारवालाहरु बीचमा सकारात्मक विभेद सम्बन्धी रहेको असमान बुझाइलाई समान बुझाइ र साझा धारणाको विकास गराउने।

स्थानीय तहमा कृयाशिल राजनीतिक दल, लक्षित समुदाय र स्थानीय निकायबीच समन्वय र नीति कार्यान्वयनमा प्रभावकारिता बृद्धि गराउने साथै मानव अधिकार र लोकतन्त्रको अभ्यासमा जनसभागिताको सुनिश्चिततामा जोड दिने।

**संचालन गरिएको क्षेत्र, अवधि, संलग्न कर्मचारी संख्या**:

नेपाल सरकारको नीतिले परिभषित गरेको लक्षित समुदाय (महिला, बालबालिका, आदिवासी / जनजाति, दलित, अपांगता भएका) स्थानीय राजनितिक दल, स्थानीय निकाय गाविस। सन २०१२ जुलाई देखि २०१३ जुनसम्म संचालित यस कार्यक्रममा एकजना कार्यक्रम संयोजक, इलाम र पाँचथरको दुईजना सम्पर्क व्यक्ति गरी जम्मा ३ जना कर्मचारीहरु रहेका थिए।

**संचालित क्रियाकलापहरु**:

**१. सरोकारवालाहरूसँग गरिएको जिल्लास्तरीय अन्तरक्रिया**:

संस्थाले कार्यक्रम सम्वन्धी जानकारी गराउने उद्देश्यले कार्यक्रमम लागु भएको जिल्ला इलाम र पाँचथरमा २ वटा जिल्लास्तरीय अन्तरकृया सम्पन्न गरेको छ। पाँचथर जिल्लाको सन्दर्भमा भने स्थानीय संस्था हुकोडेक नेपाल सँगको सहकार्यमा कार्यक्रम गरेको हो। अर्न्तक्रियामा राजनीतिक दल, गाविस सचिव, गैसस, पत्रकार, लक्षित वर्गका महिला, दलित, आदीवासी / जनजातिका प्रमुख / प्रतिनिधिहरुसँग कार्यक्रमवारेमा छलफल भएको छ।

**२. गाविसस्तरीय समन्वय वैठक**:

गाविस स्थिति सम्पूर्ण सरोकारवालाहरु:- राजनीतिक दल, स्थानीय संस्था, महिला, आदिवासी / जनजाती, दलित, अपाङ्गता समुदायका व्यक्तिहरुसँग कार्यक्रमको आवश्यकता,

औचित्यवारेमा छलफल भएको थियो । इलाम र पाँचथरका १२ वटा गाविसमा समन्वय बैठक सपन्न भएको थियो ।



### ३. तीन दिने गाविसस्तरीय तालिमः

सकारात्मक विभेदको अवधारणासम्वन्धी स्थानीय सरोकारवालाहरुसँगको तीन दिने तालिममा स्थानीय स्तरका लक्षित समुदायका महिला, बालबालिका, जनजाती, दलित, सिमान्तकृत, अपाङ्गता र ब्राह्मण, क्षेत्री समुदायका संस्थागत प्रतिनिधिहरु लगायत सामाजिक परिचालकहरुसँग छलफल भएको थियो । तालिममा गाविको अवस्था के-कस्तो रहेछ विश्लेपण गर्ने । सकारात्मक विभेद र यसको आवश्यकता सम्वन्धी जानकारी गराउने । स्थानीय स्तरका विभिन्न




मानिसहरुको सकारात्मक विभेदवारेको धारणावारे जानकारी लिने । विभिन्न ऐन, कानुनहरुवारे जानकारी दिने । समाजका आम समुदायलाई सकारात्मक विभेदको अवधारणा, उद्देश्य र आवश्यकतावारे जानकारी गराई सामाजिक न्याय स्थापनामा सहयोग पुऱ्याउने । सकारात्मक विभेदमा आम जनमानसको समान बुझाइको विकास गर्ने लगायतका विषयहरुमा छलफल भयो साथै गाविसको बजेटबाट आगामी समयमा लक्षित समुदायका मुद्दालाई के कार्यक्रममार्फत सम्बोधन गर्ने भन्ने विषयमा कार्ययोजनामा छलफल भएको थियो ।

### ४. प्रकाशन :

यस कार्यक्रम अन्तर्गत सकारात्मक विभेदको परिचय, महत्व, नेपालमा यसको अभ्यास विषयमा जानकारी दिनका लागि "सकारात्मक विभेदको अवधारणा" नामक पुस्तिका प्रकाशन गरिएको छ । सरोकारवालाहरुको लागि तयार पारिएको पुस्तक १००० प्रति प्रकाशन गरिएको छ ।

### ५. सरोकारवालाहरुसँगको दुई दिने कार्यशालाः




स्थानीय स्तरमा कार्यन्वयन गर्ने मुख्य सरोकारवालाहरु राजनीतिक दलका प्रमुख, गाविस सचिव, लक्षित समुदायका प्रमुखहरुसँग दुईदिने कार्यशालामा सकारात्मक विभेदको नीति, व्यवस्था, राज्यले  गरेको संवैधानिक व्यवस्थाको

बारेमा छलफल भयो । यसका साथै तीन दिने तालिममा तयार गरिएको योजनालाई कसरी कार्यान्वयन गराउन सकिन्छ भन्ने विषयमा छलफल भयो । त्यसै गरी १२ वटा २ दिने



सरोकारवालाहरुसँग कार्यशाला सम्पन्न ।

## ६.सरोकारवालाहरूसँगको जिल्लास्तरीय समीक्षा वैठकः

कार्यक्रमको अन्तिम चरणमा संचालन गरिएका सम्पूर्ण क्रियाकलापहरुको जिल्लास्तरीय समीक्षा वैठक सम्पन्न भयो । कार्यक्रम संचालित गाविसका गाविस सचिव, जिल्ला स्तरीय राजनीतिक दलका प्रमुख, लक्षित वर्गका प्रतिनिधिहरुसँग छलफल गरिएको समीक्षा वैठकमा हालसम्म कार्यक्रमको प्रभावकारिता कस्तो रह्यो, आगामी समयमा कसरी वढाएर लैजाने, कसको भुमिका के हुने भन्ने लगायतका विषयमा छलफल अर्न्तक्रिया भएको थियो ।



## ७. नियमित अनुगमन र मुल्याङ्कनः

कार्यक्रममा भएगरेका सम्पूर्ण क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने काम कार्यक्रम सञ्चालन अवधिमै नियमित रुपमा गरिएको थियो । यसले गर्दा कार्यक्रम सञ्चालनलाई चुस्त दुरुस्त रुपमा सम्पन्न सुझावहरु प्राप्त भएको थियो । साथै समग्र कार्यक्रमको अनुगमन, मूल्याङ्कन प्रतिवेदन समेत तयार गरिएको छ ।

## मुख्य उपलब्धीः

- समाजमा भएको द्वन्द्व न्युनीकरण तथा सामाजिक न्याय र शान्ति निर्माणमा सहयोग पुगेको छ ।
- लक्षित वर्गका मानिसहरुको राज्यबाट प्राप्त हुने सेवासुविधा तथा नेपाल सरकारवाट प्राप्त हुने अधिकार प्राप्तिका लागि पहुँच विस्तारमा सहयोग पुगेको छ ।
- कार्यक्रम लागुभएको गाविसहरुका लक्षित समुदायले आफ्नो अधिकारको बारेमा र सेवासुविधाको बारेमा जानकारी हासिल गरेका छन् ।
- कार्यक्रमवाट हालसम्ममा सकारात्मक विभेद सम्बन्धी अवधारणाबारे १०८० जनाले प्रत्यक्ष जानकारी हासिल गरेका छन् ।
- स्थानीय सरोकारवालाहरु, नीति कार्यान्वयन गर्ने स्थानीय निकाय र सेवाप्राप्त कर्ता विचमा कम्तीमा सकारात्मक विभेदको अवधारणाबारे साझा बुझाइ बनेको छ ।
- राज्यले विशेष व्यवस्थाको मध्यमबाट लक्षित समुदायहरुलाई समान सहभागिता र प्रतिफलमा समान पहुँच अभिवृद्धी गर्न ल्याएको सकरात्मक विभेदको नितकिो बारेमा जानकारी पाउनु ।
- विभेद र सकरात्मक विभेदको बारेमा समुदायमा सचेतना भएको छ भने विभेद न्युनीकरणमा व्यवहारमा परिवर्तन देखिन थालेको छ ।
- प्रकाशित सकारात्मक विभेद सम्बन्धि जानकारीमूलक पुस्तक सचेतीकरणको सामाग्री बनेको छ ।



- योजनाको कार्यान्वयनमा सरोकारवालाहरुको सामुहिक प्रतिवद्धता भएको छ ।
- २४० जनाले योजना तर्जुमा प्रकृयाका बारेमा तालिम पाएका छन् ।
- गाविस स्तरीय लक्षित वर्गको आवश्यकताको पहिचान, छनौट र प्राथमिकीकरण भएका छन् ।
- लक्षित वर्गका आवश्यक्तालाई गाविसको रणनीतिमा मूलप्रवाहीकरण गर्न योजना निर्माण भएका छन् ।

## तत्काल देखिएका परिवर्तन:

- कार्यक्रम संचालित पाँचथरको रानीटार गाउँ विकास समितिमा त्यस अगाडि जातीय छुवाछुत व्याप्त रहेको तर कार्यक्रममा जातीय विभेद अन्धविश्वास र कुप्रथा रहेछ भन्ने थाहा भएपछि सहभोजमा सम्मिलित हुन सुरुवात भएको ।
- कार्यक्रम संचालित रवि गाविसमा वडास्तरीय सचेतना कार्यक्रमको लागि रु.३०,०००।- (रु.तीस हजार) विनियोजन गरेको ।
- इलाम जिल्लामा कार्यक्रम संचालन भएका ६ वटै गाविस सचिवहरुले आगामी समयमा वन्ने योजना निर्माणमा लक्षित समुदायलाई प्राथमिकतामा राख्ने प्रतिवद्धता व्यक्त गरिएको छ ।

## सरोकारवालाहरूको भनाइ:

### युवराज घोर्साईं, गाविस सचिव- सिद्धिथुम्का, इलाम

कार्यक्रमको विषयमा सम्वन्धित गाविसका सम्पूर्ण राजनीतिक दल, कर्मचारी लगायत सवै सरोकारवालाहरुलाई वुझाउन आवश्यक छ । यसले गर्दा समान वुझाईको विकास भई वजेट विनियोजनदेखि लिएर गाविसमा हुने हरेक क्रियाकलापमा न्यायपूर्ण सहभागीताको विकास हुन सक्ने थियो ।

### केशरवहादुर राई, गाविस सचिव- शान्तिडाँडा गाविस

कुनै पनि विषयमा जनचेतना फैलाउनलाई खालि सचेतना, तालिम, गोष्ठि मात्र गरेर पुग्दैन । यसको कार्यन्वयनको लागि यस्ता किसिमको कार्यक्रमको छलफलमा सहभागी सवैले आ-आफ्नो क्षेत्रमा वहस, छलफल गर्न आवश्यक छ । यसमा पनि जति कुरा सिकाइ हुन्छ त्यसको निरन्तरता पनि चाहिन्छ ।

### शिवकुमार न्यौपाने, गाविस सचिव- रवि, पाँचथर

राज्यको सकारात्मक विभेदको नीति प्रभावकारी कार्यन्वयन गर्न छलफल, अर्न्तक्रिया, तालिम, गोष्ठी जस्ता कार्यक्रम एकदमै आवश्यक छन् । जसले गर्दा सवैको वुझाईमा समानता आउन सक्छ । व्यवस्था गरिएका नीति नियमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय निकाय जिम्मेवार वन्नुपर्ने, सरोकारवालाहरुले खवरदारी गर्नुपर्ने र लक्षित वर्गहरुले चासो राखी लक्ष्य प्राप्तिको निम्ति सहयोग पुऱ्याउनुपर्दछ ।

### निर्मल श्रेष्ठ, गाविस सचिव- सिवा/चोकमागु, पाँचथर

कार्यक्रम सफल वनाउनलाई स्थानीय निकायसँगको समन्वय एकदमै जरुरी छ । कार्यक्रम सञ्चालन गर्दा आर्थिक वर्षको शुरुदेखि नै जानकारी भयो । परिपदमार्फत कार्यक्रमको लागि वजेट छुट्याउन, कार्यक्रमलाई वडास्तरसम्म लैजान र थप नयाँ कार्यक्रम विस्तार गर्नको लागि गाविस सचिव र

राजनीतिक दलहरुसँग अन्तरक्रिया गरी कार्यक्रमलाई विस्तार गरे राम्रो र प्रभावकारी हुने ।

**राम राई, आयोजक कमिटी संयोजक एमाओवादी जिल्ला कमिटी, इलाम**

सकारात्मक विभेदसम्वन्धी कार्यक्रम आफैंमा राम्रो छ । यसवारेमा हामी आफै पनि यो नीतिको वारेमा स्पष्ट हुन जरुरी छ । यस कार्यक्रमलाई प्रभावकारी रुपमा तल्लो तहसम्म लौजान आवश्यक छ । यसको लागि सहयोग निरन्तर रहनेछ ।

**गणेश वराल, सचिव नेकपा एमाले जिल्ला कमिटी, इलाम**

यस कार्यक्रमले सामाजिक सहिष्णुता कायम गर्न महत्वपूर्ण भुमिका खेल्न सक्ने छ । कार्यक्रमलाई थप अगाडि वढाउन आफु तथा पार्टीको तर्फवाट सहयोग निरन्तर रहने । वडा-वडासम्म कार्यक्रम लैजान जरुरी भएकाले आवश्यक वजेट वा श्रोतको खोजी गरी कार्यक्रम विस्तार गर्न आवश्यक रहेको छ ।

**डम्वर लोरिङ्गदेन, अध्यक्ष स.लि.रा.प. जिल्ला कमिटी, इलाम**

यो कार्यक्रमले समतामुलक समाज निर्माणमा सहयोग गर्नसक्ने । गाविस स्तरिय कामलाई चुस्त दुरुस्त वनाउन यसको आवश्यकता रहेको । यसका लागि गाविसले सहयोग गर्नुपर्ने साथै पार्टीको तर्फवाट पनि सहयोग गर्ने ।

**थुमनाथ चापागाईं, उप-सचिव नेकपा एमाले जिल्ला कमिटी, पाँचथर**

सकारात्मक विभेदको अवधारणासम्वन्धी कार्यक्रम वडातहसम्म लैजान संघसंस्थाहरुले पहल गर्नुपर्ने र कार्यक्रमलाई थप प्रभावकारी वनाउन राजनीतिक दलहरुको तर्फवाट भरपुर सहयोग गर्ने ।

**विशाल रसाईली, सह-इन्चार्ज नेकपा-माओवादी जिल्ला कमिटी, पाँचथर**

लक्षित वर्गहरुको उन्नतिको लागि स्थानीय स्तरमा प्रभावकारी किसिमका कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने । नागरिकहरुलाई अधिकारसम्पन्न वनाउनका लागि सचेतनामुलक कार्यक्रमहरु प्रशस्तै मात्रामा हुन आवश्यक छ । जसलाई उपलब्धिमुलक वनाउनका लागि राजनीतिक दलहरुको भूमिका महत्वपूर्ण हुने ।

## सिकाइः

- राज्यले खास समुदायलाई प्रदान गरेको सेवासुविधाको जानकारी समुदायको सवैलाई भएमा सामाजिक द्वन्द्व कम हुने रहेछ ।
- राज्यको निकाय, सरोकारवालाहरु जिम्मेवार भइ लक्षित समुदायहरु कर्तव्य पालना र अधिकारको बारेमा सचेत रहने हो भने असमानता र विभेदको न्युनीकरणमा परिवर्तन आउने रहेछ ।
- नीति निर्माता, सेवाप्रदायक, नियमनकारी निकाय, सरोकारवालाहरु सवैले आ-आफ्नो कर्तव्य पुरा गरेमा समाजमा सकारात्मक परिवर्तन आउन सक्ने रहेछ ।
- भौतिक विकासका अतिरिक्त नागरिकको चेतना र क्षमताको विकासमा परिवर्तन हुन सकेमा सामाजिक रुपमा रहेको असमानता, विभेद र पछौटेपनहरु हटेर जान सहयोग पुग्ने रहेछ ।
- राज्यबाट प्रदान गरिएका विशेष सेवा सुविधाबिना अभिमुखीकरण लागूगर्दा समाजमा प्राप्त गर्ने र नगर्नेबीच द्वन्द्व हुनेरहेछ, विशेष सेवासुविधा वा सकारात्मक विभेदवारे सरोकारवालाहरुलाई जानकारी प्राप्त हुँदा के, किन भन्ने प्रश्नमा सन्तुष्ट भई कार्यक्रमप्रति आर्कषण बढ्दोरहेछ ।
- गाविस, राजनीतिक दलहरुसमेत समय सापेक्ष्य मुद्दावारे जानकारी प्राप्त गर्दा अपनत्व महशुष गर्नुले दल, गाविस समुदायबीच साझा अवधारणा बन्नुमा सजिलो हुँदोरहेछ ।

## भावी योजनाः

- विभिन्न क्षेत्रहरुको अनुगमन तथा मूल्याङ्कनवाट आएको सुझावका आधारमा कार्यक्रमलाई थप व्यवस्थित गरि वडास्तर र अरु जिल्लाहरुमा समेत विस्तार गर्ने ।
- कार्यक्रमको विस्तारका लागि विभिन्न निकायसँग समन्वयको आव्हान गर्ने ।
- प्राप्त उपलब्धी र सिकाईहरुलाई संस्थागत गर्ने ।

# Executive Summary

## Introduction

HURF Nepal the one of the leading rights based NGO in Eastern Nepal, established very first in Ilam has been working in the field of Human rights, women rights, children rights, social inclusion caste based discrimination, good governance, peace building and conflict transformation in Mechi Zone.

Human Rights monitoring and documentation, peace building through mediation and non violent manner, conducting awareness on different social issues, good governance, social inclusion, gender domestic violence, psychosocial support etc are its regular activities. HURF Nepal provides psychosocial counseling, legal support, and mediation support, emergency shelter for rescued children and women victims. HURF is the resource center for human rights and mediation in Mechi zone and works as one of the active members of local networks namely Human Rights Alliance and Eastern Network against Domestic violence. HURF Nepal is one of the members of Local Peace Committee in Ilam and District Child Welfare Committee.

HURF Nepal, with support of Stiftung Umvertielien has been conducting different awareness programs since 2009. This achievement report deals with the achieved outputs and outcomes of the **Awareness Program on the Concept of Positive Discrimination provisioned in the constitution of Nepal** " ,conducted in 12 VDCs in Ilam and Panchthar districts in Mechi zone. The project was conducted as pilot project in Nepal. This pilot project was conducted from July 2012- June, 2013.

The first part of the report deals with the introduction of HURF Nepal in short and the background situation of the community. The situation of women, Dalits, indigenous, minorities is still backward and need to bring in the mainstream of the development. The active political participation of these groups is still rare.

Government of Nepal has already declared these groups as its target groups and brought its policies with reservation, quota system, protection incentives and minimum 33% compulsory participation of women in all structures as the concept of positive discrimination. Since the concept has a positive objective to mainstream the target groups it is negatively perceived by the communities. Due to lack of awareness the community people and stakeholders do not have any ideas about the importance of this concept and is being misused. Government of Nepal has been providing 35% of its total VDC budget to empower the target groups for their active participation. But due to lack of awareness this budget is not properly used in awareness and often used in physical developments.

The second part of the report deals with the concept of the positive discrimination as a concept to mainstream the target group. The concept of positive discrimination is for the sake of the equal participation. The concept deals with the activities or policies of equal behavior to equal parties and unequal behavior to unequal parties. The goal of this behavior is to equality in result than in activities. This approach seems discrimination among citizen but the concept of this discrimination is for the equal participation.

Similarly, the concept of the awareness program has been mentioned in the third part of the report

that HURF Nepal developed a specific project on the concept which has been implemented in Eastern Nepal. To aware community people and stakeholders about the need, importance and effective implementation of the concept of the positive discrimination, to develop common consensus among the target groups and stakeholders and trace a way for the effective implementation are its objectives. To achieve this objectives coordination, empowerment, mobilization and awareness were applied as the approaches of the project.

The fourth part of the report discusses the implemented measures and achievements of the activities. District level interactions were conducted to inform the district level stakeholders about the project and to develop coordination for the effective and smooth implementation of the project in the beginning. Similarly, VDC level coordination meetings were conducted to develop coordination and to reach to the target groups in the second phase. Selected participants of the target groups like dalit, janajaties, women, children, person with disabilities, minorities were trained on the concept of positive discrimination, their rights, need and importance of positive discrimination, different provisions and policies and their effective implementation in VDC level. The 3 days trainings remained interactive, participatory and community oriented focused on the need and interest of the target groups. These training brought some minimum conditions based on the demand of the target group that has to be addressed in VDC level planning as a draft strategy.

The VDC level major stakeholders who directly play role in VDC's planning and budget allocation meetings were sensitized on the concept of positive discrimination, it provision, government policies and the way to implement the policies for 2 days. The draft need of the target groups were discussed and finalized with a planning "Things to be addressed to mainstream the target group in forthcoming VDC level Planning" as a strategy. The VDC level stakeholders expressed their commitment to implement the strategies in their respective VDCs as well.

A booklet "Concept of Positive Discrimination" having colored cover page and with 100 pages has been published to aware the community. The book remained important and the demand of this book is increased.

Finally overall achievements were discussed in district sharing meetings in 2 districts on which participants from VDCs, VDC secretaries and district level stakeholders participated. They highlighted the need of the project to extend up to ward level, in other VDCs and other districts.

Regular field visit, monitoring, evaluation and review meetings were conducted during the project period.

The activity part is followed by its achievements as outputs and visible outcomes as short term impact: The report highlighted the following outputs:

- More than 1000 people aware on the concept and the project.
- Common understanding among the local stakeholders especially service providers and service seekers is developed.
- Positive faith on the concept of the positive discrimination is developed.
- People especially marginalized groups and minorities know more about their rights to be participated and its importance.

- An informative booklet in the concept of positive discrimination is published and distributed.

**Some visible outcomes:**

- People in Ranitar VDCs in Panchthar district participated in a joint food party as they used to believe that the untouchability. They now realize that the concept of untouchability is a superstition. (Dalits are regarded as untouchable and foods touched by dalits is regarded as impure in society)
- Rabi VDC in Panchthar allocated NRs. 30, 000 to conduct ward level awareness on the concept of positive discrimination.
- The VDC secretaries expressed their commitments to priorities the needs of the target groups in the forthcoming VDC level planning.
- Stakeholders expressed their commitment to implement the budget of the target groups for their empowerment.

Based on the achievements and the successful operation of the project HURF Nepal learned following lessons

- Effective communication supports to reduce conflict, as the conflict between different ethnic groups concerning the VDC budget and allocation were emerged in the past, which can be possible through awareness activities.
- Joint effort, accountability and commitment among the public and stakeholders can support to reduce discrimination.
- Change in attitude is regarded as one of the most important factors of the development beside physical development.
- community takes ownership on the project if we address their real needs.

**Future Plan :**

The project remained successful; the demand of the project is increased from different level stakeholders. Regarding the feedback of the different level stakeholders and the recommendation of monitoring and evaluation reports HURF Nepal has decided that the pilot phase of the project remained impressive and traced the following plan as its way forward:

- To extend the project up to ward level including refresher in the project conducted VDCs.
- Extend project in other VDCs and districts in Mechi Zone.
- Review some project activities based on the feedback and recommendations.
- Invite National and International funding partners to join their hands in the field of the target groups their rights and to contribute on peace building through non violence manner.